# आधारभूत तह (कक्षा ४-५) को पुनर्ताजगी शिक्षक तालिम पाठ्यक्रम

## १. परिचय

आधारभूत तह (४ - ५) को पाठ्यक्रममा हाल कार्यान्वयनमा आएको अवस्था छ । सूचना तथा सञ्चार प्रविधिले शिक्षण सिकाइका क्षेत्रमा पारेको प्रभाव र विद्यार्थीको रुचिअनुरूप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि नयाँ नयाँ विधि र तरिकाहरूको प्रयोग अनिवार्य भएको छ । यसका लागि शिक्षक दक्ष हुनु पर्दछ । तसर्थ, निरन्तर विकास हुँदै गरेका ज्ञान तथा प्रविधिसँग परिचित भई प्रयोग गर्नका लागि शिक्षकको पेसागत विकास अपरिहार्य हुन्छ । शिक्षकको पेसागत विकासका विभिन्न तरिकाहरू छन् । ती तरिकाहरूमध्ये शिक्षक तालिम पनि एक हो । शिक्षक तालिमका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा तालिम केन्द्र धुलिखेलबाट शिक्षकको पेसागत विकासका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

आधारभूत तहमा अध्यापन गर्ने शिक्षकको निरन्तर पेसागत विकास लागि पाठ्यक्रम ढाँचा, शिक्षक सक्षमता तथा विद्यालय तहको पाठ्यक्रम र शिक्षकहरूको मागका आधारमा यो तालिम पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले आधारभूत तहमा शिक्षण गर्ने शिक्षकहरूमा भाषा हाम्रो सेरोफेरो गणित शिक्षण सिप र सकारात्मक धारणाको विकास गरी विद्यार्थीहरूमा सिकाइप्रति रुचि बढाएर सिकाइ उपलब्धि अभिवृद्धि गर्ने र यसको व्यावहारिक प्रयोग गर्ने सिप विकास हुने अपेक्षा गरिएको छ । यसका साथै निरन्तर पेसागत विकासमा सरिक हुन र पेसाप्रति उत्प्रेरित एवम् प्रतिबद्ध शिक्षकको विकास गर्ने अपेक्षा पनि गरिएको छ।

पाठ्यक्रम तयार गर्दा प्रदेश अन्तरगतका विद्यालयका तहगत एवम् विषयगत शिक्षकहरूको आवश्यकता सङ्कलन, शिक्षण विधि तथा प्रविधिलाई समेत ख्याल गरिएको छ । यो तालिमले आधारभूत तह (४ - ५) को पाठ्यक्रमले तोकेका क्षेत्रका विभिन्न विषयवस्तुहरूको उपयुक्त सामग्री, विधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन गर्ने विधि तथा तरिकाहरूको अवलम्बन गरी आम्नेसामने वा अनलाइन पद्धतिमा आधारित भएर शिक्षकको पेसागत विकासका लागि शिक्षक तालिम सञ्चालन गरिने छ ।

## 2. तालिमका सक्षमताहरू

यस तालिमपश्चात् आधारभूत तह (४-५) मा अध्यापन गर्ने शिक्षकहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) पाठ्यक्रम अवधारणा तथा आधारभूत तह (४–५) का विषयवस्तुहरूको बोध गरी अभिव्यक्त गर्न ।

(ख) पाठ्यक्रममा उल्लिखित विषयवस्तुहरूहरूमाथि प्राप्त ज्ञान, सिप, विधि, प्रविधि, शिक्षण सामग्री निर्माण तथा प्रयोग र अभ्यास जस्ता सिकाइ रणनीतिलाई अवलम्बन गरी शिक्षण गर्न ।पाठ्यक्रमले तोकेअनुसारको मूल्याङ्कन प्रक्रियाबाट मूल्याङ्कन तथा अभिलेखीकरण गर्न ।

## ३. तालिमका विषयवस्तु र विस्तृतीकरण

| क्र.स. | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सेसन |
|---|---|---|---|
| १. | पाठ्यक्रम तथा पाठ्यपपुस्तक तथा शिक्षक निर्देशिकाको परिचय | • अवधारणा<br>• विशेषता<br>• पाठ्यक्रम र पा पु को अन्तर्सम्बन्ध सम्बन्धी छलफल र प्रस्तुति | २ |
| २. | नेपाली | • पाठ्यक्रम ४– ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय<br>• शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | २ |
| ३. | अङ्ग्रेजी | • पाठ्यक्रम ४– ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय<br>• शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | २ |
| ४. | गणित | • पाठ्यक्रम ४– ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय<br>• शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | २ |
| ५. | विज्ञान तथा प्रविधि | • पाठ्यक्रम ४– ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय | २ |

| | | | |
|---|---|---|---|
| | | • शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | |
| ६. | सामाजिक अध्ययन तथा मानव मूल्य | • पाठ्यक्रम ४— ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय<br>• शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | १ |
| ७. | स्वास्थ्य शारीरिक तथा सि.क | • पाठ्यक्रम ४— ५ को विषयगत परिचय र विशेषता तथा कार्यपुस्तक एवम् शिक्षक निर्देशिकाको परिचय<br>• शिक्षण गर्ने विधि प्रविधि शिक्षण सामग्री निर्माणको प्रयोग र अभ्यास तथा मूल्याङ्कन प्रक्रिया | २ |
| ८. | मूल्याङ्कन प्रक्रिया<br>अभिलेखीकरण<br>कक्षाकोठा व्यवस्थापन<br>नमुना शिक्षण | • मूल्याङ्कन प्रक्रिया<br>• अभिलेख व्यवस्थापन<br>• कक्षाकोठा व्यवस्थापन<br>• नमुना शिक्षण | २ |

## ४. तालिम सहजीकरणका लागि सम्भावित तरिकाहरू

तालिम सहजीकरण गर्दा निम्नलिखित विधिहरू अपनाउनुपर्ने छ । यसका साथै अन्य उपयुक्त विधिहरू पनि अवलम्बन गरी सहजीकरण गर्न सकिने छ ।

- Power Point Presentation
- प्रश्नोत्तर
- छलफल
- समूह कार्य र प्रस्तुति
- परियोजना कार्य
- प्रयोगात्मक विधि

## ५. तालिम सञ्चालन प्रक्रिया

यो तालिम ५ दिनको हुने छ । सामान्यतया तालिम बिहान १०:३० बजे सुरु भई साँझ ३: ४५ बजेसम्म सञ्चालन हुने छ । तालिम प्रत्येक दिन १ घण्टा ३० मिनेटका ३ सेसन हुने छन् ।यस तालिममा सामान्यतया आधारभूत तह (४-५) मा शिक्षण गरिरहनुभएका शिक्षक र शिक्षकको पेसागत विकास तालिम लिइसकेका शिक्षकहरू सहभागी हुनु हुने छ । यो तालिमलाई काल¸ परिस्थिति र

समयलाई मध्य नजर राख्दै अनलाइन तथा आमनेसामने माध्यमबाट सञ्चालन गरिने छ । समय परिस्थितिअनुसार तालिम बिहान र बेलुकाको समयमा पनि सञ्चालन गर्न सकिने छ।

## ६. तालिम मूल्याङ्कन

क. यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमका क्रममा प्रदर्शन गरेका नियमितता, सान्दर्भिक जागरुकता, निभाएको भूमिका र सक्रियताका आधारमा गरिने छ।

ख. तालिमको प्रभावकारिता अध्ययन मूल्याङ्कनका लागि देहायअनुसारको फाराममा पृष्ठपोषण सङ्कलन गरिने छ :

| मूल्याङ्कनका क्षेत्र | श्रेणी मापन | | | | कैफियत |
|---|---|---|---|---|---|
| | उत्तम | राम्रो | ठिकै | सुधार गर्नु पर्ने | |
| १. तालिमका विषयवस्तुहरू | | | | | |
| २. तालिम विधि | | | | | |
| ३. प्रशिक्षकहरूको प्रयास | | | | | |
| ४. तालिम कक्ष | | | | | |
| ५. तालिम सामग्री | | | | | |
| ६. तालिम अवधि | | | | | |
| ७. अन्य | | | | | |

## ७. कार्ययोजना तथा प्रतिबद्धता

क. सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तीमा ३ ओटा कार्यको दुईप्रति कार्ययोजना बनाई एकप्रति तालिम संयोजन गर्ने जिम्मेवार व्यक्तिमार्फत शिक्षा तालिम केन्द्रमा बुझाउनुका साथै एकप्रति आफ्नो साथमा लिएर विद्यालयमा जानुपर्ने छ । आफ्नो साथमा भएको कार्ययोजनाको एकप्रति फोटोकपी विद्यालयका प्रधानाध्यापकलाई दिनुपर्ने छ भने विद्यालयमा गएर निर्मित कार्ययोजनाको कार्यान्वयनको सहजताका लागि तालिममा आफूले सिकेका कुराहरू आफ्ना सहकर्मीहरूमाझ स्टाफ बैठकमा प्रस्तुत गर्नुपर्ने छ । आफूले बनाएको कार्ययोजनाको कार्यान्वयनका लागि विद्यालयमा सक्रियता देखाएर

विद्यार्थीहरूको सिकाइमा सुधार देखाउनुपर्ने छ । कार्ययोजना तथा प्रतिबद्धता पत्र निम्नानुसारको ढाँचामा तयार गर्नुपर्ने छ:

| क्र.स. | क्रियाकलापहरू | किन ? | कहिले ? | कसरी ? | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

ख. शिक्षा तालिम केन्द्रले विद्यालयको स्थलगत अनुगमनका क्रममा शिक्षकका प्रतिबद्धताहरू पूरा भए नभएको अनुगमन र पेसागत सहयोग गर्ने गराउने छ ।

ग. शिक्षकले जाहेर गरेको प्रतिबद्धता बारेमा शिक्षा तालिम केन्द्रले विद्यालयका प्रधानाध्यापकसँग सम्पर्क गरेर आवश्यक जानकारी लिनसक्ने छ ।

घ. विद्यालयले शिक्षकले पेस गरेको कार्ययोजना अनुसार कार्य भए/नभएको जानकारी शिक्षा तालिम केन्द्रलाई पत्र तथा सञ्चारका माध्यमको प्रयोग गरेर अनिवार्य रूपमा गर्नुपर्ने छ ।

ङ. विद्यार्थीहरूको सिकाइ र विद्यालयका समग्र पक्षमा सुधार ल्याउन योगदान पुर्याउने शिक्षकहरूलाई मापदण्डका आधारमा विद्यालय र स्थानीय तहले आवश्यक प्रोत्साहन गर्नुपर्ने छ ।